श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री शंकरहरी आचार्य एवं जिल्ला स्थित विकास निर्माणसँग सम्बन्धित कार्यालयका प्रमुख/प्रतिनिधि बीच आज मिति २०७७।०३।०२ गते तपसील बमोजिमको उपस्थितिमा बैठक बस्यो ।

उपस्थिति :

१. श्री शंकरहरी आचार्य - प्र.जि.अ.

२. श्री जय कुमार घिमिरे - स.प्र.जि.अ.

३. श्री आनन्द कुमार ठाकुर - प्रशासकीय अधिकृत

४. रेवाकान्त यादब सि. डि इ. खाँडो नदि ब्यसवस्थापन आयोजना

५. विश्वनाथ यादब इन्जिनियर खाँडो नदि ब्यसवस्थापन आयोजना

६.किशोर प्रसाद साह पूर्वाधार विकास कार्यालय, सिरहा

७.राजकुमार खंग डिभिजन प्रमुख जल तथा सिंचाई विकास डिभिजन कार्यालय

८. लक्ष्मण प्रसाद सिंह कार्याल्य प्रमुख कोशी पम्प चन्द्रनहर सिंचाई ब्यवस्थापन कार्यालय

९. रविन्द्रलाल दास कार्यालय प्रमुख सडक डिभिजन कार्यालय, राजविराज

**जिल्ला स्थित विकास निर्माणसँग सम्बन्धित कार्यालयका प्रमुख/प्रतिनिधि बीच मुलतः मनसुन जन्य विपद् सम्बन्धमा मिति २०७७।०३।०२ मा सम्पन्न बैठकको निर्णयहरु :-**

**निर्णय नं. १**

जिल्ला स्थित विकास निर्माणसँग सम्बन्धित कार्यालयहरुद्वारा चालु आर्थिक वर्षमा संचालित योजनाहरु/विकास निर्माणसँग सम्बन्धित कार्यक्रमहरुको यस बैठक मार्फत सहभागी सबैमा संक्षिप्त जानकारी भयो ।

**निर्णय नं. २**

आर्थिक वर्ष सम्पन्न हुनै लागेको हुँदा सम्बन्धित कार्यालयहरु अन्तर्गतका योजनाहरु समयमै सम्पन्न गर्ने तर्फ सजगता अपनाउँदै आगामी मनसुनजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने र खोज तथा उद्धार कार्यहरुमा सहयोग पुग्ने खालका योजना/कार्यक्रमहरुलाई तिव्र रुपमा संचालन/समापन गर्न सम्बन्धित कार्यालयहरुले विशेष रुपमा ध्यान पुऱ्याउने ।

**निर्णय नं. ३**

निर्णय नं. २ कार्यान्वयन गर्ने/गराउने सन्दर्भमा कुनै बाधा/समस्या उत्पन्न भएमा सम्बन्धित निकायहरुसँग समन्वय गरी सम्बन्धित कार्यालयले तत्काल समस्या समाधान गर्न पहल गरी निर्माण कार्य सुचारु गर्ने गराउने ।

**निर्णय नं. ४**

मनसुनजन्य विपद्का समयमा खोज तथा उद्धार कार्यमा प्रयोग हुन सक्ने डोजर, एक्साभेटर जस्ता हेभी इक्वीपमेन्ट र अन्य उपकरण/औजार चालु हालतमा तयारी अवस्थामा राख्नुका साथै नदी कटान जस्ता समयमा आवश्यक हुने सामग्रीहरु (जस्तै :- प्लास्टिक बोरा, ग्याबियन जाली आदि) समेत सम्बन्धित कार्यालयहरुले सम्भावित आवश्यकताको औचित्यपूर्ण पूर्वानुमान गरी आवश्यक भएका बखत उपलब्ध हुन सक्ने गरी उपयुक्त व्यवस्था मिलाउने ।

**निर्णय नं. ५**

विशेषतः नदी नियन्त्रण र सिँचाईसँग सम्बन्धित कार्यालयहरुले आफ्नो क्षेत्राधिकार भित्र पर्ने नदी खोलाहरुको जोखिमयुक्त स्थान (बाढीका दृष्टिकोणले) को पहिचान गरी जोखिम न्यूनीकरणका लागि समयमै आवश्यक पहल गर्ने ।

**निर्णय नं. ६**

निर्णय नं. ४ र ५ कार्यान्वयन गर्ने सन्दर्भमा सम्बन्धित कार्यालयहरुसँग श्रोत/साधनको अभाव रहेको भए यस अघि भएका जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार सम्बन्धित कार्यालयले माथिल्लो ताल्लुक निकायसँग समन्वय गरी व्यवस्था मिलाउने ।

**निर्णय नं. ७**

कार्यालयहरुमा रहेका निर्णय नं. ४ बमोजिमका सामग्रीहरुको विवरण र संख्या (डोजर, एक्साभेटर जस्ताको हकमा चालकको नाम, ठेगाना र सम्पर्क नं. समेत) तीन दिन भित्र जिल्ला प्रशासन कार्यालय, सप्तरीलाई उपलब्ध गराउने ।